पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९९-४२००५५
Email : info@punarbasmun.gov.np
website : punarbasmun.gov.np


प.सं. :- २०७७/७८
च.नं. :- ५६५

मिति :- २०७७/०८/११

**विषय : विद्यालय सञ्चालन सम्बन्धमा।**

श्री पुनर्वास नगरपालिका अन्तर्गतका सबै विद्यालयहरु
कञ्चनपुर।

प्रस्तुत विषयमा विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ अनुसार यस नगरपालिकाको कार्यक्षेत्रका विद्यालयहरु मिति २०७७ मंसीर १७ गतेदेखि सञ्चालन गरी पठनपाठन गर्ने व्यवस्था मिलाउने र सोका लागि अन्य व्यवस्था तपसिल अनुसार हुने गरी यस नगर कार्यपालिकाको मिति २०७७।०८।११ गतेको बैठकबाट निर्णय भएको हुनाले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सम्पूर्ण विद्यालयहरुको जानकारीका लागि अनुरोध छ।

खेमराज विष्ट
प्रमुख प्रशासकीय अधकृित

**<u>तपसिल :</u>**

(क) विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ को बुँदा नं. ३.४ को खण्ड (ख) मा उल्लेखित सातवटा विकल्पहरु मध्ये विद्यालय व्यवस्थापन समिति र शिक्षक स्टाफ बैठकको निर्णयानुसार उपयुक्त विकल्प छनौट गरी छनौट गरिएको विकल्प अनुसार विद्यालय सञ्चालन गर्ने सम्बन्धमा विद्यालयले विद्यार्थी, अभिभावक तथा शिक्षकहरुलाई जानकारी गराई विद्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउने र सो को जानकारी नगरपालिकाको शिक्षा शाखामा समेत दिने।

(ख) यस पूर्व क्वारेन्टाईन र आइसोलेशनको रुपमा प्रयोग गरिएका विद्यालयहरु सेनिटाईज गरी सकिएको छ। कुनै कारणले क्वारेन्टाईन र आइसोलेशनको रुपमा प्रयोग भएका विद्यालयहरु सेनिटाइज हुन छुटेको भए विद्यालयले तत्काल जानकारी गराई सम्बन्धित वडा कार्यालयहरुको सहजिकरणमा सेनिटाइज गराएर मात्र विद्यालय सञ्चालन गर्ने।

(ग) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा विद्यार्थी प्रतिनिधिहरुको समेत सहभागितामा विद्यालय सञ्चालनका लागि कार्यतालिका तयार गरी उक्त कार्यतालिका अनुसार विद्यालय सञ्चालन गर्दा अभिभावक, शिक्षक र विद्यालयहरुले पालना गर्नु पर्ने आचारसंहिता तयार पारी सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराई विद्यालयको सञ्चालनक्रममा कडाईका साथ पालन गर्ने गराउने व्यवस्था मिलाउने।

(घ) विद्यालय सञ्चालन समयमा कुनै पनि शिक्षक विद्यार्थीमा कोभिड-१९ सम्बन्धी शंकास्पद लक्षण देखिएमा तत्काल नजिकको स्वास्थ्य संस्थामा खबर गरी आवश्यक परामर्श अनुसार गर्ने गराउने।

(ङ) विद्यालयमा दैनिक उपस्थित शिक्षक, कर्मचारी तथा विद्यार्थी लगायतका महानुभावहरुको अभिलेख दैनिक रुपमा राख्ने व्यवस्था मिलाउने।

(च) विद्यालय सञ्चालनका लागि जिल्ला संकट व्यवस्थापन केन्द्रसंग समन्वय गरी आवश्यताअनुसारका अन्य कार्यहरु गर्ने।

**<u>बोधार्थ :</u>**

श्री जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, कञ्चनपुर।